आज मिति २०७९ साल भाद्र ७ गते मंगलवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०७९/४/२२ को निर्णय समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व. २०७९/०८ को बजेट कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.३: लिफ्टिङ्ग खानेपानी र सडक बत्तीको विद्युत महशुलको तथ्याङ्क लिने सम्बन्धमा ।
प्रस्ताव नं.४: श्रावण महिनाको आन्तरिक आय सम्बन्धमा ।
प्रस्ताव नं.५: व्यास नगरपालिकाको सरसफाई केन्द्र स्थापना सम्बन्धमा ।
प्रस्ताव नं.६: निर्मल मा.वि.को भवन निर्माणमा सहमती दिने सम्बन्धमा ।
प्रस्ताव नं.७: जग्गा वर्गीकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: विभिन्न कार्यविधिमा संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.९: विभिन्न योजनामा विस्तृत परियोजना प्रस्ताव तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: प्रहरीलाई इन्धन सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.१२: प्रधानमन्त्री रोजगार सहायक नियुक्त सम्बन्धमा ।
प्रस्ताव नं.१३: समता विद्यालय शिक्षक कर्मचारी सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.१४: प्रधानमन्त्री रोजगार कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: प्राविधिकहरुको तलव सम्बन्धमा ।
प्रस्ताव नं.१६: बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.१७: बाझो तथा कृषियोग्य जग्गामा उत्पादन प्रवर्द्धन प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: वडा कार्यालय भवनमा सहमती माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: पदपूर्ति समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२०: स्वंयसेवक शिक्षक पदपूर्ति समिति सदस्य सम्बन्धमा ।
प्रस्ताव नं.२१: क्रमागत योजना सम्बन्धमा ।
प्रस्ताव नं.२२: सार्वजनिक बिदा सम्बन्धमा ।
प्रस्ताव नं.२३: निर्माण व्यवसायी ईजाजतपत्र नियमि गर्ने कार्यविधि २०७७ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.२४: विभिन्न कार्यक्रममा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२५: सामान राख्न दिने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा २०७९/४/२२ का निर्णयहरुको समिक्षा गरियो । नगरकार्यपालिकाको कार्यालयमा टोल फ्रि कल सेन्टर, नागरिक सहायता कक्ष, वडा कार्यालयमा भाद्र १ गतेदेखि सञ्चालन भएको सहायता कक्षमा दिइने सेवामा आर्थिक ऐनले तोकेको निवेदन दस्तुर, नागरिकता अनुसूची दस्तुरको रसिद काट्ने र अन्य निवेदन लेखन आवश्यक फोटोकपी गर्नुपर्ने सेवालाई निःशुल्क गने गरी वडा कार्यालयहरुलाई निर्देशन दिने ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७९/०८० को बजेट कार्यक्रम कार्यान्वयन कार्य योजनामा २०७९ भाद्र महिनाभित्र वडाहरुबाट उपभोक्ता समिति गठन गर्ने, २०७९ आश्विन मसान्तसम्म उपभोक्ताहरुलाई योजना कार्यान्वयनको सम्बन्धमा अभिमुखीकरण गर्ने, २०७९ कार्तिक भित्र ल.ई. तयार गरी सम्झौता गर्ने, टेण्डर प्रक्रियाबाट कार्यान्वयन गरिने योजनाहरुको कार्तिक मसान्तभित्र टेण्डर गर्ने र पौष मसान्तभित्र सम्झौता सम्पन्न गर्ने, योजनाहरुको मूल्याङ्कन, भुक्तानी २०८० बैशाख/जेष्ठ भित्र गर्ने ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका लिफ्टिङ्गि खानेपानी योजनाहरु र सडक बत्ती महशुल सम्बन्धित ग्राहकहरु टोल संस्थाबाट भुक्तानी हुदै आएकोमा के कति मासिक दस्तुर पर्ने हो ? सम्बन्धित वडा मार्फत २०७९/५/२० सम्म अन्तिम महिनाको बिलको प्रतिलिपी

समेत संकलन गरी तथ्याङ्क विवरण तयार गर्ने र आगामी बैठकमा पेश गर्न पूर्वाधार तथा योजना विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा २०७९ श्रावण महिनाको आन्तरिक आय राजश्व उपशाखाबाट पेश भए अनुसार १ करोड २५ लाख ३२ हजार १ सय चौविस प्राप्त भएको बैठकमा जानकारी प्राप्त गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत हालसम्म सरसफाई केन्द्र स्थापना हुन नसक्दा अस्थायी प्रबन्ध गरिरहँदा विभिन्न समस्याहरु आएकाले २०७९ आषाढमा भएको ३७औं नगरसभाबाट जग्गा खरिद समेतको लागि रकम विनियोजन भएको, सरसफाई केन्द्र स्थापना गर्दा खुला रुपमा जग्गा बिक्री गर्न इच्छुक व्यक्ति संघ/संस्थासँग जग्गाधनि प्रमाण पूर्जाको फोटोकपी नक्सा समेतको माग भई आएकोमा प्राप्त निवेदनहरुका जग्गाहरुको बारेमा वडा नं. २ का वडा अध्यक्ष श्री काशीराम श्रेष्ठको अध्यक्षतामा गठित जग्गा सिफारिस समितिको प्रतिवेदन समेतका आधारमा गण्डकी बहुउद्देश्यीय सहकारी संस्थाका नाउँको व्यास १० मंगली गैह्राको जग्गा उपयुक्त हुने सिफारिस आएकोले स्थानीय सरोकारवालाहरुसँग परामर्श गरी सहमती भएमा जग्गा खरिद स्वीकृतीका लागि नेपाल सरकारसँग अनुरोध गर्ने र सहमती हुन नसकेमा अन्य वैकल्पिक जग्गाहरुको अध्ययन गरी स्थानीय सरोकारवालाहरुको सहमती लिई खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट व्यास १ स्थित निर्मल माध्यमिक विद्यालयको भवन र प्रयोगशाला निर्माण कार्यक्रमका लागि रू.३ करोड विनियोजन भएको र प्रदेश सरकार, शिक्षा, सँस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, पोखराबाट च.नं. १७५ प.सं. २०७९/०८० को मिति २०७९/५/२ को पत्रबाट सहमती माग भई आएकोले उक्त कार्यक्रम कार्यावयनका लागि सहमती दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, भूमि व्यवस्था तथा अभिलेख विभागबाट नगरपालिका भित्रका जग्गाहरुलाई मिति २०७९/८/२३ भित्रमा कृषि क्षेत्र र गैह्र कृषि क्षेत्र छुट्याउन समय सिमा तोकी २०७९/४/३१ गते प्रेस नोट जारी भएकोमा सो कार्यलाई तत्काल वडा कार्यालय समेतको सहयोगमा कार्तिक मसान्त भित्र वर्गीकरण गरी पेश गर्न घर नक्शा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट निर्माण भएका नियम, कार्यविधिहरुमा आवश्यक संशोधन एवं व्यास नगर खरिद नियमावलीको प्रस्ताव पेश गर्न विधायन समितिलाई जिम्मा दिई प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा निम्न योजनाहरुका लागि विस्तृत परियोजना प्रस्ताव तयार गरी कार्तिक मसान्तभित्र पेश गर्न पूर्वाधार विकास शाखालाई जिम्मा दिने निर्णय गरियो ।

(१) व्यास १२-११ जोड्ने घाँसीकुवा बुल्दी खोलामा मोटरेवल पुल ।

(२) व्यास ६ माहेन्द्री मार्गमा पर्ने मोदीखोला मोटरेवल पुल ।

(३) व्यास ९ गजौडे बजार-कलेस्ती खोलामा मोटरेवल पुल ।

(४) व्यास ७ समता विद्यालय छात्रावास निर्माण ।

(५) व्यास नगर यातायात गुरु योजना निर्माण ।

(६) मानुङ खानेपानी योजना ।

(७) व्यास ८ राजापानी, व्यास ११ भगवतीपानी, व्यास १ अकला मन्दिर निर्माण ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास ६ शिशाघाट, व्यास ७ कलेस्ती, व्यास १४ छाब्दीमा रहेका प्रहरी चौकीहरुले इन्धन माग गरेकाले प्रति महिना हरेक प्रहरी चौकीलाई बढीमा १५ लिटर दिई शान्ति सुरक्षा व्यवस्थापनमा सहयोग पुऱ्याउने गरी लगबुक भरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा शिक्षा तथा सामाजिक विकास शाखाबाट शिक्षक सरुवा सम्बन्धी मिति २०७९/५/६ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री रोजगार सहायकको छनौट समितिको सिफारिस अनुसार व्यास १२ बस्ने श्री एलिशा शर्मा पन्थलाई छनौट गरी अनुमोदनका लागि पेश भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगर समता विद्यालयमा आवश्यक शिक्षक कर्मचारीहरुको छनौट गरी नियुक्तिका लागि पेश भएकोमा नियुक्ति अनुमोदन गरी निम्नानुसार पारीश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

(१) शिक्षक श्री प्रविण श्रेष्ठ, व्यास १ – २५,०००।-
(२) शिक्षक श्री दिजिता आले, व्यास ५ – २५,०००।-
(३) सुरक्षा गार्ड श्री महेन्द्र कुमाल, व्यास ७ – २१,०००।-
(४) सुरक्षा गार्ड श्री ओम बहादुर दरै, व्यास ७ – २१,०००।-
(५) भान्छे श्री पुर्निमा रोका दवाडी, व्यास १२ – २१,०००।-
(६) कार्यालय सहयोगी श्री सम्झना अधिकारी, व्यास ८ – १८,०००।-
(७) सरसफाई/माली श्री मिना कुमाल, व्यास ९ – १८,०००।-

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुले माग गरी आएका निम्न लिखित योजनामा बजेट शिर्षक नं. ३३२ र ३३३ बाट खर्च हुने गरी स्वीकृत गर्ने निर्णय गरियो । सो रकम वडाबाट सिफारिस आएका योजनामा खर्च गर्नु पर्नेछ ।

(१) व्यास ६ – ५,००,०००/-
(२) व्यास ९ – ५,००,०००/-
(३) व्यास ११ – ५,००,०००/-
(४) व्यास १२ – ५,००,०००/-
(५) व्यास १३ – ५,००,०००/-
(६) व्यास १४ – ५,००,०००/-
**जम्मा – ३०,००,०००/-**

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कार्यरत प्राविधिकहरु सबैले प्रचलित स्केल अनुसार तलबमान प्राप्त गरेकोमा जग्गा विकास आयोजना र विपदमा काम गर्ने सव-ईन्जिनियर श्री दिप्ती न्यौपाने र श्री एलिजा मिश्रलाई २०७९ श्रावण देखि लागू हुने गरी अन्य सोही सरहका करार प्राविधिकले प्राप्त गरेको तलव सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा २०७९ आश्विन मसान्तसम्म

प्रस्ताव पेश गर्नका लागि बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ को अनुसूची - १ बमोजिम सर्वेक्षण गरी भाद्र मसान्तसम्म पेश गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट च.नं. १५, पत्र संख्या २०७९/०८० को स्थानीय तहलाई जारी परिपत्र अनुसार बाँझो तथा उपयोगमा नआएको कृषियोग्य जग्गामा उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव सम्पूर्ण वडाहरुसँग विवरण लिई समन्वय गरी १५ दिनभित्र पेश गर्न कृषि तथा पशु सहकारी विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा साविक स्याम्घा गा.वि.स. कार्यालय हाल व्यास नगरपालिका वडा नं. ६ को वडा कार्यालय भवन नजिक स्थानीयहरुबाट उपलब्ध व्यास नगरपालिकाको नाउंमा जम्मा ०-३-०-० जग्गा रहेको र उक्त जग्गामा भवन निर्माणका लागि टेण्डर प्रकृया सम्पन्न भई निर्माण हुन बांकी रहेको अवस्थामा भविष्यसम्म उक्त ०-३-०-० जग्गामा भवन निर्माण गर्दा अपर्याप्त हुने हुंदा स्थानीय समेतको सहमतीमा उक्त कार्यालय नजिकै रहेको २०६९ सालमा विद्यालय समायोजन भई हाल खाली अवस्थामा रहेको श्री चन्द्रोदय प्रा.वि. छापथोकका नाउंमा साविक स्याम्घा हटिया गा.पं. वडा नं. ६/ग कि.नं. ३८० सिम पाखो क्षेत्रफल २-१२-२-० जग्गा धनी प्रमाण पूर्जा भएको जग्गामा वडा कार्यालय भवन निर्माण गर्नका लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा भोगचलनको सहमतीका लागि जिल्ला जग्गा सिफारिस समितीलाई र शिक्षा समन्वय ईकाई तनहुं मार्फत प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा रिक्त पदको कृषि अधिकृतका लागि मन्त्रालयबाट जारी गरेको निर्देशिका बमोजिम गर्ने गरी कार्यालय सहयोगी (व्यास १४ वडा कार्यालयका लागि) र रिटर्नी पदको पदपूर्तिका लागि देहाय बमोजिम पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक - प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत

सदस्य - श्री गोकर्णराज वाग्ले सूचना शाखा

सदस्य सचिव - श्री रामचन्द्र हडखले प्रशासन शाखा

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्धारा नियुक्त गर्न लागेको स्वंयसेवक शिक्षक पदपूर्तिका लागि संयोजक र सदस्य सचिव यस अघि नै तोकि सकेको हुंदा सोही मिति देखि नै कायम हुने गरी दुई जना सदस्यहरुमा प्रशासन शाखा प्रमुख श्री रामचन्द्र हडखले र सूचना शाखा प्रमुख श्री गोकर्णराज वाग्लेलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं. २१ का सम्बन्धमा छलफल हुँदा निम्न योजनाहरुलाई क्रमागत योजनामा राखी चालु आ.ब.मा संचालन गर्ने निर्णय गरियो ।

**(क)** श्री आधारशिला सामाजिक उद्यमी महिला सहकारी संस्था लि. व्यास १२ ले आ.ब. ०७८/०७९ को दोश्रो र तेश्रो चौमासिकमा खसी/बोकाको कारोवार विकी/वितरण गरे अनुसारको प्रति के.जी. रु. १०/को दरले हुन आउने अनुदान रकम रु. ५६,७६०/(छपन्न हजार सात सय साठी रुपैयां मात्र) भुक्तानी दिने ।

**(ख)** आ.ब. ०७८/०७९ मा छनौट भएको सरोज पशु फर्म व्यास ९ लाई क्रमागतमा राखी बाख्राको खोर मर्मत/सुधार कार्य सम्पन्नताको आधारमा रु. ५०,०००/ (पचास हजार रुपैयां) भुक्तानी दिने ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा मिति २०७९ भाद्र १४ गते पर्न गएको हिन्दुहरुको महत्वपूर्ण पर्व हरितालिका तीजका दिन व्यास नगरपालिकाको अत्यावश्यक सेवा (स्वास्थ्य र

सरसफाई) बाहेक अन्य सम्पूर्ण शैक्षिक संस्था, वडा कार्यालय तथा नगरपालिका कार्यालयमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका निर्माण व्यवसायी ईजाजत पत्र नियमित गर्ने कार्यविधी २०७७ को नियम ६(१) मा भएको “लेखा परिक्षण प्रतिवेदन, उपकरणको बिमा गरेको प्रमाण पेश भएमा” भन्ने शब्दहरु हटाई संशोधन गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | भद्रुटारी कुलो मर्मत | १ | ३०,०००/ | क्रमागत ३१ |
| २ | ओलम्पिक खेलका लागि सहयोग | | २५,०००/ | २४८ |
| ३ | विश्वकर्मा समाज कल्याणकारी गुठी | ३ | ५०,०००/ | २३८ |
| ४ | सुर्योदय प्राथमिक विद्यालय कम्प्यूटर खरिद | ११ | ७५,०००/ | क्रमागत २४० |
| ५ | लक्ष्मी आधारभूत विद्यालय खानेपानी व्यवस्थापन | ९ | ४३,५००/ | क्रमागत १९५ |
| ६ | पुरानो डिहीबाट कुखुटोसम्म बाटो मर्मत | ११ | ३०,०००/ | विपद |
| ७ | सिंहाले खेत कुलो मर्मत | ९ | ३५,०००/ | ९२० |
| ८ | एकुमायां घर्ति पहिरोले भत्किएको घर मर्मत | ९ | ५०,०००/ | विपद |
| ९ | दुम्सी नमुना ग्राम भुवानी खोला कजवे निर्माण | १० | ४०,०००/ | ९३५ |
| १० | व्यास युवा फुटबल प्रतियोगिता व्यवस्थापन | ४ | १,५०,०००/ | २४९ |
| ११ | सन्त बहादुर बोटे खरको छाना हटाई टिनको छाना राख्ने | १० | २०,०००/ | ९३५ |
| १२ | सविता घर्ति पराल टौवामा आगलागी | ९ | २०,०००/ | विपद |
| १३ | बलराम तिवारी कृषि सिंचाई | १३ | १५,०००/ | ९२० |
| १४ | रानीटारी नेवार गुठी वधशाला संरक्षण | ५ | १,५०,०००/ | ९३५ |
| १५ | आदिकवि भानुभक्त गुरुयोजना निर्माण | १ | ४,००,०००/ | २४८ |
| १६ | आदिकवि भानुभक्त प्राज्ञिक अनुसन्धान गोष्ठी | १ | २,००,०००/ | २४८ |
| १७ | तीज विषेश जनचेतना मुलक टोल स्तरीय प्रतियोगिता | २ | ६०,०००/ | २१८ |
| १८ | तनहुंसूर भिमसेन धर्मगुठी रोपाईजात्रा व्यवस्थापन | २ | ५०,०००/ | २४६ |
| १९ | बल बहादुर क्षेत्री पसल आगलागी राहत | २ | ३०,०००/ | विपद |
| २० | सितलचोक नाला व्यवस्थापन पाईप खरिद | ४ | ६०,०००/ | ९२० |
| २१ | मोतिलाल श्रेष्ठ खेत सिंचाई पाईप खरिद | ७ | २५,०००/ | ९२० |
| २२ | गजुरे स्वास्थ्य चौकी संरक्षण | ९ | ४,००,०००/ | ९१४ |
| २३ | रमा दवाडी कोभिडबाट मृत्युमा बालक संरक्षण | १२ | ४०,०००/ | ५३ |
| २४ | प्रमिला कुमाल भैंसी, बाखा राहत ७ बाखा १ भैंसि (अचानक मरेको) | ९ | ६०,०००/ | विपद चालु |
| २५ | राजापानी मोटरमार्ग मर्मत ग्रावेल | ९ | २,१४,०००/ | विपद |
| २६ | प्रेम बहादुर गुरुङ्ग घर, गोठ पहिरो नियन्त्रण | ९ | ४०,०००/ | विपद |
| २७ | युवा परिषद स्थलगत कार्य | | १,५०,०००/ | २४४ |
| २८ | चिसापानी गाउं खानेपानी योजना अधुरो निर्माण | ११ | ७,००,०००/ | ९२३ |
| २९ | निर्बु बराहखोला खानेपानी ट्याङ्की निर्माण | ११ | ५,००,०००/ | ९२३ |
| ३० | जगन्नाथ कैनी खानेपानी पाईप खरिद | ११ | २५,०००/ | ९२३ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | प्रगती आमा समूह सहयोग कार्यालय सामाग्री | ४ | ५०,०००/ | २१८ |
| ३२ | सिसा खोला ज्यामिरे खेत कुलो मर्मत | १२ | २,००,०००/ | ९२० |
| ३३ | याम मायां कुमाल शौचालय निर्माण | १० | २०,०००/ | २१८ |
| ३४ | ओम बहादुर सार्की टिन सहयोग | ११ | १५,०००/ | ९३५ |
| ३५ | गैराटार नयां ट्याक निर्माण | १० | १,५०,०००/ | ९२० |
| ३६ | महिला स्वस्थ्य स्वयंसेविका अन्तरकिया कार्यक्रम | ३ | ८०,०००/ | २२२ |
| ३७ | पूर्ण कामी परम्परागत आरान निर्माण | ११ | ४०,०००/ | २३७ |
| ३८ | पोखरीभञ्ज्याङ्ग महिला विकास तीज विशेष जनचेतना मुलक | १३ | २०,०००/ | २१८ |
| ३९ | बेलटारी टोलमा खानेपानी पाईप | १० | ३५,०००/ | ९२० |
| ४० | पोल्याङ वसन्ते कुवा खानेपानी कुवा मर्मत | ११ | २५,८००/ | ९२० |
| ४१ | हर्क बाखा फाराम तारबार | १३ | ३०,०००/ | २५१ |
| ४२ | लिलामायां थापा खरको छाना फेर्न टिन खरिद | १४ | १६,०००/ | ९३५ |
| ४३ | प्रशान्त परियार टाउकाको उपचार सहयोग | ११ | ३५,०००/ | ५३ |
| ४४ | शिशाघाट बजार सडक वत्ती बिस्तार | ६ | २,५०,०००/ | ९२१ |
| ४५ | माहेन्द्री मार्ग पहिरो सफा | ५ | ५,३६,६१२/ | विपद |
| ४६ | डिलमायां बि.क. घर संरक्षण | १० | ३०,०००/ | विपद |
| ४७ | सत्यवती माध्यामिक विद्यालय प्रस्ताव सहभागिता | २ | १,००,०००/ | ६२ |
| ४८ | निमचोक टोलसंस्थामा स्वास्थ्य शिविर सहयोग | ३ | २५,०००/ | २२१ |
| ४९ | तीर्थ एग्रो मल्टी पर्पोज पहिरो नियन्त्रण थप | ११ | १,५०,०००/ | २५१ |
| ५० | रामजी पौडेल पहिरो घर संरक्षण | ६ | ५०,०००/ | विपद |
| ५१ | ईस्कोन कृष्णप्रणामी व्यवस्थापन | ४ | ५०,०००/ | २४६ |
| ५२ | शिशाघाट महिला विकास समिती जनचेतनामुलक तीज प्रतियोगिता | ६ | ३०,०००/ | २१८ |
| ५३ | प्रभा कैनी कृषि फार्म संरक्षण/क्षतिपूर्ति | १२ | ५०,०००/ | विपद |
| ५४ | देउमायां लामा पहिरो पिडित शौचालय निर्माण | १० | २०,०००/ | ९३५ |
| ५५ | जग्गा वर्गिकरणका लागि नापी नक्शालाई राजश्व | | ५५,०००/ | २४३ |
| ५६ | योजना शाखामा सफ्टवयर खरिद | | ५,००,०००/ | ५८ |

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ४ र १० को सिमानामा पर्ने माथिल्लो भतेरीमा अनक कन्स्ट्रक्सन प्रा.लि. ले मादी नदी माथी पुल निर्माण गर्नका लागि सो निर्माण सम्बन्धी सामाग्रीहरु राख्नका लागि अनुमती पाउं भनी दिएको निवेदन बमोजिम राष्ट्रिय गौरवको आयोजना भएको हुंदा उक्त सार्वजनिक स्थानमा निर्माण सम्बन्धी सामाग्री राख्न ठाउं उपलब्ध गराउने निर्णय गरियो ।